मुगुम कार्मारोङ गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

पुलु,मुगु
कर्णाली प्रदेश, नेपाल
स्था:२०७३

९८५१०१९१६०
९८५८३२२७३७
९८४९८९३०८०

प.सं:-२०८०/०८१
च.नं:- ८८९

मिति: २०८०/१२/२३
ने. सं ११४४ चिल्लागा , ११ शुक्रवार

## राष्ट्रपती महिला उत्थान जीविकोपार्जन सुधार कार्यक्रम सञ्चालनका लागि प्रस्ताव आव्हान गरिएको सूचना

(दोस्रो पटक सूचना प्रकाशित २०८०/ १२/ २३ )

प्रस्तुत विषयमा महिला बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालयको च.नं. रा.म.उ.स.इ १२५ मिति २०८०/ १०/ ०३ गतेको पत्रानुसार उक्त मन्त्रालयको चालु आ व २०८०/ ८१को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत राष्ट्रपती महिला सशक्तिकरण अन्तर्गत तपशिल वमोजिमको जिविकोपार्जन सुधार कार्यक्रम सञ्चानलका लागि अख्तियारि प्राप्त भएको हुँदा विपन्न र एकल महिलालाई कृषि तथा पशुपालन, पर्यटन तथा गैहकृषि क्षेत्रमा केन्द्रित भई स्थानीय विपन्न महिलालाई सीप विकास तालिम प्रदान गरि व्यवसाय स्थापना र सञ्चालन गर्न खर्च अनुदान (टेवा पूँजी वा विउ पूँजी) सहयोग उपलब्ध गराई रोजगार तथा स्वरोजगार सृजना गर्ने कार्यमा सहयोग गर्न र महिलाहरुको सामाजिक तथा आर्थिक सशक्तिकरण र व्यावसायिक प्रवर्द्धनका लागि स्थानीय तहले यस कार्यक्रम सञ्चालन गर्न संस्था छनौटका लागि सूचना प्रकाशन तथा प्रस्ताव आव्हान गर्नुपर्ने व्यवस्था वमोजिम उक्त आयमुलक कार्यक्रम सञ्चालन र अनुदानका लागि आवश्यक कागजात सहित सूचना प्रकाशित मितिले ०७ दिन भित्र मुगुम कार्मारोङ गाउँपालिका गाउँकार्यपालिको कार्यालयमा यसै साथ संलग्न मापदण्डको अनुसूची २ वमोजिमको ढाँचामा प्रस्ताव पेश गर्नहुन सम्वन्धित सवैका लागि यो सूचना प्रकाशित गरिएको छ । साथै कार्यक्रम सञ्चालन गर्ने संस्था छनौट (अनुसूची ३ वमोजिम हुने) तथा संस्थाले गर्नुपर्ने कार्य प्रस्ताव पेश गर्ने ढाँचा, अनुदान, तालिम सम्वन्धित व्यवस्था " राष्ट्रपती महिला उत्थान जिविकोपार्जन सुधार कार्यक्रम सञ्चालन सम्वन्धि मापदण्ड, २०७७" वमोजिम हुने हुनाले अध्ययनका लागि कार्यालयको वेवसाइट www.mugumkarmarongmun.gov.np मा उपलब्ध छ । रित नपुगेका म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु समावेश नहुने व्यहोरा समेत जानकारी गरिन्छ ।

तपसिल

| क्र.स. | कार्यक्रमको नाम | कुल वजेट | प्रस्ताव पेश गर्ने स्थान | कैफियत |
|---|---|---|---|---|
| १ | राष्ट्रपती महिला उत्थान जिविकोपार्जन सुधार कार्यक्रम | ८९०००० | मुगुम कार्मारोङ गाउँपालिकाको कार्यालय पुलु मुगु | |

आवश्यक कागजातहरु

१. संस्था विधान र निवेदक
२. प्रचलित कानुन वमोजिम संस्था दर्ता वा नविकरण भएको प्रमाणपत्रको प्रतिलिपि,
३. आ.व २०७९/०८०को लेखा प्रीरक्षण प्रतिवेदन,
४. स्थायी लेखा नम्वर तथा आर्थिक वर्ष २०७९ /०८० को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि,
५. प्रस्तावित कार्यक्रममा संस्थाको योगदानको अंश अन्य निकायबाट प्राप्त हुने सम्भाव्य सहयोग वा साझेदारीको स्रोत सहितको यथार्थ विवरण,
६. कालोसूचीमा नपरेको र प्रचलित कानुन वमोजिम अयोग्य नरहेको स्वघोषणा,
७. संस्था लक्षित महिलाहरुलाई सीप तथा व्यावसायिक विकास तालिम प्रदान गरि व्यक्तिगत वा सामुहिकरुपमा आयआर्जन व्यवसाय सञ्चालन गर्ने गरी संस्थाले व्यवसायको प्रकृति हेरी कम्तिमा पाँच दिनको तालिम पच्चिस जना लक्षित विपन्न र एकल महिलालाई आर्थिक उत्थान तथा सशक्तिकरण हुने गरि प्रदान गर्ने योजना व्यावसायिक सम्भाव्यता समेत उल्लेख गरी सहभागीलाई प्रदान गर्ने कार्यक्रमको अवधारणापत्र र व्यवसायिक योजना पेश गर्नु पर्ने छ।

नि.प्रमुख प्रशासकीय अधिकृत

"बहुमुल्य जडिबुटी,अर्गानिक खेति, तामाखानी,छायाँक्षेत्र, पर्यटन पूर्वाधार:समृद्ध,समुन्नतमुगुम कार्मारोंङको आधार"

ई -मेल -:ito.mugumkarmarongmun@gmail.com,info@mugumkkarmarongmun.gov.np
वेब साइट:-www.mugumkarmarong.gov.np, फेसबुक@:mugumkarmarongmun,

Scanned with CamScanner